संकट व्यवस्थापन केन्द्र (Crisis Management Center, CMC) भक्तपुरद्वारा प्रकाशित

कोभिड-१९सम्बन्धी भक्तपुर जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

साप्ताहिक

अंक ८

मिति २०७७ जेठ १८ गते आइतवार

daobhaktapur.moha.gov.np




# भक्तपुरका चारै जना संक्रमित उपचार पछि घर फिर्ता

## समुदायमा संक्रमण विस्तार भएको पाइएन, भक्तपुर हालसम्म सुरक्षित

कोरोना भाइरस संक्रमण पुष्टि भएका भक्तपुरका तेस्रो र चौथो व्यक्ति भाइरस संक्रमण मुक्त भई घर फिर्ता हुनुभएको छ । यस पूर्व संक्रमित पहिलो र दोश्रो व्यक्ति पनि डिस्चार्ज भइसक्नु भएको थियो ।

भक्तपुर जिल्लामा जेठ १७ गतेसम्ममा चार जनामा कोरोना संक्रमण देखिएकोमा सबैजना भाइरस मुक्त भई फिर्ता हुनुभएसँगै भक्तपुरमा कोरोनाको कुनै पनि केस बाँकी रहेको छैन ।

बैशाख ३० गते दुई जना, जेठ ६ गते एक जना र जेठ ९ गते एक जनामा संक्रमण पुष्टि भएसँगै जिल्लावासीको स्वास्थ्य सुरक्षाका लागि थप क्रियाशिलता बढाइएको थियो । संक्रमितहरु रहेको क्षेत्रमा सिल गरिनुका साथै कन्ट्याक ट्रेसिङ गरिएको थियो ।

तेस्रो र चौथो संक्रमित क्रमशः काठमाडौं महानगरपालिकाको सफाइ सवारी चालक भक्तपुर ५ का ४२ वर्षीय पुरुष र भक्तपुर नगरपालिकाका जनप्रतिनिधि ४२ वर्षीया महिला रहनुभएको थियो । उहाँहरु सशस्त्र प्रहरी अस्पताल र पाटन अस्पतालबाट उपचार पश्चात डिस्चार्ज भई घर फर्कनु भएको हो।

संक्रमित भएका व्यक्तिहरु कसरी संक्रमित हुन पुगेको भन्ने स्रोत श्रोत पहिचान गर्न स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुको प्रयास जारी रहेको छ ।

### सामाजिक सुसम्बन्ध कायम गरौं
### आतंकित हैन सतर्क रहौं

भक्तपुर जिल्लामा कोरोनाको संक्रमण पुष्टि भएको छ। खुशीको कुरा, सबै संक्रमितहरु निको भएर घर फर्कीसक्नु भएको छ भने उहाँहरुको सम्पर्कमा आएका सबै व्यक्तिहरुको परीक्षण नजिता नेगेटिभ आएको छ।

संक्रमण भेटिएसँगै सबै निकायहरुले तत्परताका साथ काम गरेकोबाट यस्तो नजिता आएको छ, जसका लागि सिएमसीको तर्फबाट सबैलाई हार्दिक धन्यवाद छ।

हाल आतंकित हुनु नपर्ने तथा सतर्क रहनुपर्ने अवस्था रहेको छ । संक्रमणको जोखिमलाई मध्यनजर गर्दै सबै व्यक्तिले पर्याप्त स्वास्थ्य सुरक्षा र सर्तकता अपनाउनुपर्नेस्थिती कायम रहेको छ । यस्तो अवस्थामा मानवीय सहयोग र सामाजिक सु-सम्बन्ध कायम गर्न जिल्लावासीबाट पूर्ववत् जस्तै सहयोगको अपेक्षा गरिएको छ।

हाम्रो सामूहिक प्रयासले नै कोरोना विरुद्ध जित हासिल हुनसक्ने हुँदा जारी आदेशको परिपापालना गर्नु हुन र संक्रमण प्रति सचेत रहनुहुन फेरी पनि हार्दिक अनुरोध छ।

email: daobhaktapur@gmail.com | Viber SMS : 9840177327

### भक्तपुरको अवस्था सामान्य

संक्रमित व्यक्तिहरु उपचारपछि फर्किसकेको र संक्रमित व्यक्तिहरुको परिवारका सदस्य तथा छिमेकीलगायत कन्ट्याक्ट ट्रेसिङका आधारमा कसैमा पनि संक्रमण नदेखिए छ । यसैले समुदायमा संक्रमण विस्तार नभएको अवस्था छ । यस आधारमा भक्तपुर कोरोना भाइरस संक्रमणका दृष्टिले अहिलेसम्म सुरक्षित देखिएको छ।

गृह मन्त्रालयबाट विभिन्न मितिमा प्राप्त निर्देशनलाई कडाइका साथ कार्यान्वयन गर्दै अत्यावश्यक सवारी साधनलाई मात्र पास वितरण गरिएको छ । बजार क्षेत्रमा आपूर्ती व्यवस्था सम्बन्धमा विभिन्न नियामक निकायहरु, भक्तपुर उद्योग बाणिज्य संघलगायतको टोलीबाट निरन्तररुपमा अनुगमन भइरहेको छ । लकडाउनको कडाइका साथ परिपालना गराउन सुरक्षाकर्मीहरु परिचालन गरिएको छ ।

### संक्रमण फैलिन नदिने तयारी

जिल्लास्थित सुरक्षा निकाय तथा स्थानीय तहहरुले माइकिङ्ग गरेर जनचेतना फैलाउने, क्लोरिन झोल छर्कनेलगायत काम गरी कोरोना संक्रमण फैलन नदिन अन्य कामहरुसमेत गरिरहेका छन् । त्यसै गरी विभिन्न पर्व तथा पुजामा सुरक्षाकर्मी र स्वयमसेवक परिचालन गरेर भिड हुन नदिने व्यवस्था मिलाईको छ ।

४

**भक्तपुर ९ का वर्ष ४२ की महिला**

निको भएको

जेठ ९ गते संक्रमण पुष्टि भएकी ४२ वर्षका महिला भक्तपुर नगरपालिकाको जनप्रतिनिधि भएको खुलेको छ । उहाँलाई पाटन अस्पतालमा भर्ना गरिएकोमा कोरोनां मुक्त भई घर फिर्ता हुनुभएको छ।

३

**भेलुखेलका वर्ष ४२ का पुरुष**

निको भएको

जेठ ६ गते संक्रमण पुष्टि भएका ४२ वर्षका पुरुष काठमाडौ महानगरपालिकाको कर्मचारी भएको र उहाँलाई सशस्त्र प्रहरी अस्पतालमा भर्ना गरिएकोमा कोरोना मुक्त भई फिर्ता हुनुभएको छ।

२

**थिमीका वर्ष २५ की महिला**

निको भएको

वर्ष २५ का महिलामा वैशाख ३० गते संक्रमण पुष्टि भएको थियो। सुनसरीबाट ३ दिन अगाडि आई मध्यपुरथिमि चोकस्थित साथीको कोठामा बसेको, टेकु अस्पतालको आइसोलेशनमा उपचार गराई उहाँ जेठ ८ गते डिस्चार्ज हुनुभएको छ।

१

**दुवाकोटका वर्ष ४१ का पुरुष**

निको भएको

सशस्त्र प्रहरीबलमा कार्यरत तर विगत एक महिना देखि विदामा रहेको अवस्थामा रामेछापस्थित घरमा पुगेर दुवाकोट फर्केपछि वैशाख ३० गते संक्रमण पुष्टि भएको थियो। टेकु अस्पतालको आइसोलेशनमा उपचार गराई उहाँ जेठ ८ गते डिस्चार्ज हुनुभएको छ।

### जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र (सिएमसी) को बैठक

# कमलविनायक, लोकन्थली र सानोठिमीमा स्वास्थ्य सहायता कक्ष संचालन गरिने

## विदेशबाट आउनेलाई क्वारेन्टिनमा, कृषिजन्य वस्तुहरुको उत्पादन र ढुवानीमा सहजीकरण

भारतबाट नेपाल प्रवेश गरेका र आउने दिनमा नेपाल प्रवेश गर्ने भक्तपुर निवासी नेपाली नागरिकहरूलाई क्वारेन्टाइनमा राख्ने व्यवस्थाका लागि स्थानीय तहहरूलाई आग्रह गर्ने तथा आवश्यक सहजीकरणका लागि सुरक्षा निकायहरूलाई परिचालन गर्ने गरी सिएमसी भक्तपुरले निर्णय गरेको छ ।

मिति २०७७।०२।१३ गते प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष तथा सिएमसीका सल्लाहकार श्री नवराज गेलाललगायत सिएमसीका पदाधिकारीहरुको उपस्थितिमा जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र भक्तपुरको १२ औं बैठक बसी यस्तो निर्णय भएको हो ।

यसका साथै मिति २०७७।०२।१८ गते बसेको १३ औं बैठकले जिल्लामा रहेका सवै निजी तथा सरकारी अस्पतालहरुलाई सोही अस्पतालमा आकस्मिक स्वास्थ्य टोली (EMT) गठन गरी भक्तपुर अस्पताल र CMC लाई यथाशिघ्र जानकारी गराउने निर्णय समेत गरेको छ ।

लकडाउनको समयमा अलपत्र परेका जिल्लास्थित उद्योगहरुमा कार्यरत भारतीय मजदुरहरुलाई सम्बन्धित सिमा क्षेत्रका जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी, भारतीय नाकाको अवस्था हेरी फिर्ता पठाउन सहजीकरण गर्ने समेत निर्णय भएको छ ।

विदेशबाट नेपाल आउन चाहने नेपालीहरुलाई बसोवास रहेको स्थानसम्म पठाउनका लागि यस जिल्लामा होल्डिङ एरियाको रुपमा कानुनवमोजिम प्रकृया पूरा गरेर स्थान छनौट गर्ने निर्णय भएको छ ।

बैठकले भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको अवस्था विश्लेषण गर्दै मुख्यरुपमा भारतबाट फर्कने भक्तपुर निवासी नागरिकहरूको व्यवस्थापन सम्बन्धमा छलफल भयो । यसका साथै संक्रमितहरुको कन्ट्याक्ट ट्रेसिङलाई प्रभावकारी वनाउनेलगायतका विषयमासमेत छलफल भएको थियो ।

#### सिएमसीको १२ औ बैठकका निर्णय मिति २०७७।०२।१३

१. भक्तपुर जिल्लामा हालसम्म ४ जना कोरोना संक्रमित देखिएकोमा २ जना कोरोनामुक्त भई होम क्वारेन्टाईनमा पठाइ सकिएको । बाँकी दुई जना हाल सुरक्षितरुपमा अस्पतालमा रहेकाले सम्पूर्ण जिल्लावासीलाई सजग र सतर्क रही लक डाउनको पूर्ण पालना गर्न पुनः अनुरोध गर्ने ।

२. हाल संक्रमण देखिएका व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरूको ट्रेसिङ गरी स्वास्थ्य परीक्षण भईसकेकोले ती व्यक्तिहरूको नतिजा नआउन्जेलसम्मलाई घरमै आईसोलेसनमा राख्ने ।

३. हालसालै भारतबाट नेपाल प्रवेश गरेका र आउने दिनमा नेपाल प्रवेश गर्ने भक्तपुर निवासी नेपाली नागरिकहरूलाई क्वारेन्टाइनमा राख्ने व्यवस्थाका लागि स्थानीय तहहरूलाई आग्रह गर्ने तथा आवश्यक सहजीकरणका लागि सुरक्षा निकायहरूलाई परिचालन गर्ने ।

४. भक्तपुर जिल्लामा कोरोना संक्रमणको कारणबाट कसैको मृत्यु भएमा जिल्लास्थित स्वास्थ्य निकायहरू, सम्बन्धित स्थानीय निकायको समन्वय र सहयोगमा जिल्लास्थित सुरक्षा निकायले नेपाल सरकारले गरेको मापदण्डअनुसार शव व्यवस्थान गर्न पशुपति विकास कोषको विद्युतीय शव दाह गृहसँग समन्वय गरी आवश्यक तयारी गर्ने।

५. अस्पताल भर्ना गरिएका बिरामीहरूको उपचारको सिलसिलामा स्वाब परीक्षण गर्दा कोभिड-१९ PCR पोजेटिभ देखिएमा अस्पतालनै सिल नगरी उपचाररत विरामीलाई आईसोलेसन कक्षमा राखी उपचार गर्ने, उपचारमा संलग्न चिकित्सक र सम्पर्कमा आएका व्यक्तिहरूलाई आवश्यकता अनुसार क्वारेन्टाइन वा आइसोलेसनमा राखी अस्पतालको सेवा नियमितरुपमा संचालन गर्ने व्यवस्थाका लागि कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, छाउनी काठमाडौंबाट प.सं. ०७६/७७/२० मिति २०७७।०२।१२ को पत्रबाट निर्देशन भई आएबमोजिम गर्न गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने।

६. जिल्लामा कोभिड-१९ बाट संक्रमितहरूसँग सम्पर्कमा रहेका र संक्रमणका लक्षणहरू देखिएका मानिसहरूको नियमितरुपमा स्वास्थ्य परीक्षण गर्ने ।

#### सिएमसीको १३ औ बैठकका निर्णय मिति २०७७।०२।१८

१. भक्तपुर जिल्लामा ४ जना कोरोना संक्रमित देखिएकोमा सवै कोरोनामुक्त भई होम क्वारेन्टाईनमा पठाइ सकिएकोले सम्पूर्ण जिल्लाबासीलाई सजग र सतर्क रही लक डाउनको पूर्ण पालना गर्न पुनः अनुरोध गर्ने।

२. भक्तपुर जिल्लामा रहेका निजी तथा सरकारी अस्पतालहरुलाई सोही अस्पतालमा आकस्मिक स्वास्थ्य टोली (EMT) गठन गरी जिल्लाको कोभिड हव अस्पतालको रुपमा रहेको भक्तपुर अस्पताल र CMC लाई यथाशिघ्र जानकारी गराउने ।

३. गृह मन्त्रालयको च.नं. ५७६ मिति २०७७।२।१६ को पत्रानुसार फिर्ता पठाइने भारतीय मजदुरहरुलाई सम्बन्धित सिमा क्षेत्रका जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी, भारतीय नाकाको अवस्था हेरी फिर्ता पठाउन सहजीकरण गर्ने ।

४. विदेशबाट नेपाल आउन चाहने नेपालीहरुलाई बसोवास रहेको स्थानसम्म पठाउनका लागि यस जिल्लामा होल्डिङ एरियाको रुपमा कानुनवमोजिम प्रकृया पूरा गरेर स्थान छनौट गरी सरकारको निर्देशन वमोजिम काम गर्ने ।

५. गृह मन्त्रालयको च.नं. ९०८ मिति २०७७।२।१६ को पत्र अनुसार कृषिजन्य वस्तुहरुको उत्पादन तथा ढुवानीमा थप सहजीकरण गर्ने ।


६. जिल्लामा स्वास्थ्य परीक्षण गर्नका लागि नेपाल रेडक्रस भक्तपुर शाखाको सहयोगमा कमलविनायक, लोकन्थली र सानोठिमीमा स्वास्थ्य सहायता कक्ष संचालन गर्ने ।

७. गृह मन्त्रालयको च.नं. ३९६० मिति २०७७।२।१४ को पत्रानुसार कोभिड १९ को संक्रमणको कारणबाट निधन भएका व्यक्तिहरुको शव व्यवस्थापन गर्न "शव व्यवस्थापनसम्बन्धी प्रोटोकल २०७७" बमोजिम स्थानीय प्रशासनको समन्वयमा नेपाली सेनाले गर्ने ।

८. जिल्लामा कोभिड-१९ को नियन्त्रण, रोकथाम र पहिचान गर्न जिल्लास्थित अस्पतालहरुबाट नियमित रुपमा कोभिड लक्षित स्वास्थ्य परीक्षण गर्ने ।

# जगाती नाकाबाट काठमाडौं उपत्यकामा प्रवेश बढ्यो

## पास वाहक र अत्यावश्यक सवारी मात्र प्रवेश गर्दै




लकडाउनको अवधि लम्बिदै गएको अवस्थामा जगातीबाट काठमाडौं उपत्यका प्रवेश गर्ने सवारी साधन र व्यक्तिको संख्या बढेको पाइएको छ ।

भक्तपुरस्थित जगाती चेकपोष्ट हुँदै उपत्यका भित्रने बाहिरीने सवारी साधन र व्यक्तिको विवरण संकलन हुँदै आएको छ ।

संकलित विवरण अनुसार जेठ १० देखि जेठ १६सम्म एक हप्ताको अवधिमा दैनिक औषत ९४९ सवारी भित्रिएको देखिएको छ । जसमध्ये २९७ अत्यावश्यक सवारी रहेका छन् । अघिल्लो साता दैनिक औषत ४८८ सवारी भित्रने गरेको जसमध्ये २१० अत्यावश्यक सवारी रहेको देखिएको थियो ।


त्यसैगरी यस हप्ता दैनिक औषत १३०२ जना व्यक्ति भित्रिएको देखिएको छ । अघिल्लो हप्तासम्म यो संख्या १००७ रहेको थियो ।

बाहिरीएका संख्या हेर्दा औषत ४१२ सवारी साधनबाट ८७८ व्यक्तिले उपत्यका छाडेको देखिन्छ । अघिल्लो हप्तामा यो संख्या ३३७ सवारीबाट ७६३ जनाले उपत्यका छाडेको देखिएको थियो ।

उपत्यका बाहिरका जिल्लाहरुबाट गृह मन्त्रालयको सहमतिका आधारमा मात्र उपत्यका प्रवेश गर्ने पास जारी हुने गरेको र सोही आधारमा मात्र जगातीबाट प्रवेश गर्न दिइने गरिएको छ ।

यद्यपी बिरामी लिइ आउने एम्बुलेन्स र अत्यावश्यक सामग्री बोकेका सवारी साधनलाई भने पास विना नै प्रवेश गर्न दिइने गरिएको छ ।

कोरोना भाइरसको संक्रमण जोखिम रहेको अवस्थामा संक्रमणको प्रसार नियन्त्रण गर्न सवारी पासलाई कडाइ गरिएको छ । पूर्वबाट उपत्यका प्रवेश गर्ने प्रमुख नाका भक्तपुरको जगाती र साँगास्थित चेकपोष्टमा कडाइका साथ व्यवस्थापन गरिएको छ ।




# लकडाउनमा अलपत्र परेका नेपाली र भारतीय मजदुरहरू घर फिर्ता

कोभिड १९ प्रकोपका कारण बन्दाबन्दी हुँदा घर फर्कन नपाएका भक्तपुर जिल्लास्थित विभिन्न उद्योगका मजदुरहरुलाई घर फिर्ता पठाइएको छ।

जिल्लाका ईँटा उद्योग, फर्निचर उद्योग तथा सुनचाँदी गहना उद्योगमा रहेका मजदुरहरु मध्ये करिव १४०० को संख्यामा नेपाली मजदुरहरुलाई दाङ, सल्यान, प्यूठानलगायतका जिल्लाहरुमा पठाइएको छ ।

त्यस्तै ३००० जना भारतीय मजदुरहरुलाई समेत भारतीय सिमा नाका विरगंज पठाइएको छ । लकडाउनको अवधिमा यस पूर्व पनि विभिन्न मितिमा मजदुरहरुलाई घर पठाइएको थियो ।

मजदुरहरुलाई संक्रमणबाट जोगाई आवश्यक व्यवस्थापन गर्न कठिनाई भै रहेको र निजहरु आफ्नो घर फर्कन पाउन बारम्बर अनुरोध गरी रहेको हुँदा फिर्ता पठाइदिनका लागि उद्योगहरु तथा सम्बन्धित व्यक्तिहरुबाट अनुरोध भइरहेको थियो ।

लकडाउनको अवस्थामा उद्योगहरु संचालन नभई ठूलो संख्यामा बेरोजगार मजदुरहरु रहँदा अन्य समस्या सिर्जना हुन सक्ने अवस्थासमेतलाई मध्यनजर गरी निजहरुलाई आफ्नो देश फिर्ता गरिएको हो ।

भारतीय नाकाबाट मे महिनाको अन्तिमसम्म मात्र प्रवेश गर्न सकिने भनी भारतीय दुतावासबाट जानकारी प्राप्त गरिएको थियो । यसै आधारमा गृह मन्त्रालय, भारतीय दुतावास र सम्बन्धित सिमा क्षेत्रको जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरिएको छ ।

जिल्ला सुरक्षा समिति भक्तपुरको मिति २०७७।०२।१४ को निर्णयानुसार सवारी साधन तथा यात्रीहरूको स्वास्थ्य सुरक्षाको उचित प्रबन्ध गर्ने गरी पर्सा विरगञ्जसम्म लैजान र फर्कदा चालक र सहचालक मात्र फर्कने गरी हालसम्ममा ९० वटा गाडिलाई सवारी अनुमति दिई पठाइएको हो ।

# वन स्रोतको दुरुपयोगका काम भएको भए तत्कालै रोक्ने

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/१८ को निर्णय कार्यान्वन सम्बन्धमा गृह मन्त्रालयको मिति २०७७।०२।१६ को पत्रबाट लेखि आएको हुँदा वन स्रोतको दुरुपयोगका काम भएको भए तत्कालै रोक्न सबैमा अनुरोध गरिएको छ ।

बन्दावन्दीको समयमा साललगायतका विभिन्न रुखहरु कटान, संकलन, ढुवानी तथा ओसारपसार गर्ने कार्य नगर्नु नगराउनुहुन अनुरोध छ । त्यस्तो काम भएको भए जहाँ जुनजस्तो अवस्थामा छन् त्यसलाई सोही अवस्थामा सुरक्षित राख्नहुन र यस कार्यमा जिल्लावासीलगायत सबै पक्षबाट सहयोगको अपेक्षा गरिएको छ ।

मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ "देशका विभिन्न वन क्षेत्रमा साललगायतका विभिन्न रुखहरु कटान, संकलन, ढुवानी तथा ओसारपसार गर्ने कार्य वन स्रोतको दुरुपयोग हुनेगरी अनियन्त्रितरुपले तीव्र गतिमा भइरहेको बुझिन आएको हुँदा नेपालभित्र सम्पूर्ण वन क्षेत्रमा साललगायतका विभिन्न रुखहरु कटान गर्ने, संकलन, ढुवानी र ओसारपसार गर्ने कार्य तत्कालै रोक्ने र कटान भएका साल लगापत रुख काठ र गोलिया जहाँ जुनजस्तो अवस्थामा छन् त्यसलाई सोही अवस्थामा सुरक्षित राख्ने कार्य गर्ने गराउने"

## संक्रमण देखिएमा अस्पताल वा कार्यालय सिल नगरिने

अस्पतालहरुमा बिरामी तथा स्टाफहरु कोभिड १९ पोजेटिभ देखिएपछी अस्पताल सिल गर्ने गरिएकोमा अव त्यस्तो नगर्ने निर्णय भएको छ।

सिएमसीको १२ औं बैठकको निर्णय अनुसार अस्पताल भर्ना गरिएका बिरामीहरूको उपचारको सिलसिलामा स्वाब परीक्षण गर्दा कोभिड-१९ PCR पोजेटिभ देखिएमा अस्पतालनै सिल नगरी उपचाररत विरामीलाई आईसोलेसन कक्षमा राखी उपचार गर्ने, उपचारमा संलग्न चिकित्सक र सम्पर्कमा आएका व्यक्तिहरूलाई आवश्यकता अनुसार क्वारेन्टाइन वा आइसोलेसनमा राखी अस्पतालको सेवा नियमितरुपमा संचालन गर्ने व्यवस्थाका लागि निर्देशन भई आएबमोजिम गर्न गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय भएको छ ।

सिल गर्दा अस्पतालबाट प्रदान गरिने नियमित र आकस्मिक सेवासमेतमा अवरुद्व हुन जाने हुनाले सो सम्बन्धमा कोरोना बिरामी भेटिएको वार्ड/कोठा/विभागलाई मात्र शिल गर्ने सिल गरिएको वार्ड/कोठा/विभागलाई चार घण्टासम्म खाली राखी डिसइन्फेक्सन गर्ने डिसइन्फेक्सन पश्चात अरु वार्ड/कोठा/विभागमा पूर्ववत ढंगबाट सुचारु गर्नेलगायतका व्यवस्थाको लागि स्वास्थ्य मन्त्रालयबाट निर्णय भएको छ ।

यसै गरी कोरोना प्रतिकार्यमा संचालनमा रहेका सुरक्षानिकाय तथा अन्य कार्यालयहरु कार्यरत कर्मचारीहरुमा कोभिड १९ को संक्रमण देखिएमा सिंगो कार्यालय सिल नगरी संक्रमितहरुलाई आइसोलेशन कक्षमा राखी उपचार गर्ने, संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुलाई आवश्यकता अनुसार क्वारेन्टिन वा आइसोलेशनमा राखी कार्यालयको सेवा नियमितरुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउन निर्देशन प्राप्त भएको छ ।

## भक्तपुर जिल्लास्थित सरकारी सार्वजनिक कार्यालयहरुलाई जरुरी सूचना

हालको विषम परिस्थितिमा कार्यालय प्रमुखहरुसँग नियमितरुपमा बैठक हुन नसकेको अवस्था र एक तिहाइ कर्मचारीबाट अत्यावश्यक सेवा संचालन गर्ने सरकारको निर्णयसमेत भएको परिप्रेक्ष्यमा जिल्लास्थित सरकारी सार्वजनिक कार्यालयहरुको स्थिति अद्यावधिक राख्नका लागि आवश्यक भएको छ।

त्यसैले तहाँ कार्यालय संचालन भए नभएको, कार्यालय व्यवस्थापन कसरी गरिएको र यस अवधिमा सम्पादन गरेका कामहरुसमेत खुलाई इमेल ठेगाना daobhaktapur@gmail.com मा पठाउनहुन अनुरोध छ। यो सूचना SMS मार्फतसमेत पठाइएको छ।

**जिल्ला प्रशासन कार्यालय भक्तपुर**



## टिपर दुर्घटनामा ज्यान गुमाउनुभएका
# सई निमबहादुर घर्तीलाई हार्दिक श्रद्धान्जली

लकडाउनको समयमा डिउटीमा रहेका प्रहरी नायब निरीक्षक निमबहादुर घर्तीको टिपरको ठक्करबाट मृत्यु भएको छ।

सोमबार राति साढे ९ बजेतिर नयाँठिमी बालकुमारी चोकमा काठमाडौंबाट भक्तपुरतर्फ आउँदै गरेको बा ४ ख ४७०१ र बा ४ ख ४३१८ नम्बरको टिपर रेलिङलाई हान्दै अनियन्त्रित भई ठोक्किँदै जाँदा सिआरभी ड्युटीमा खटिनुभएका सई घर्तीलाई ठक्कर दिएको थियो।

टाउकोमा गम्भीर चोट लागेको अवस्थामा उहाँलाई तत्कालै मध्यपुर ठिमी अस्पताल लगिएको र पछि थप उपचारका लागि नर्भिक अस्पताल लगिएकोमा मंगलबार बिहान ५ बजे उपचारको क्रममा मृत्यु भएको छ ।

ठक्कर दिएर फरार भएका दुवै टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। पानी परी भिजेको सडकमा लापरबाही गरी तीव्र गतिमा सवारी साधन चलाउँदा यो दुर्घटना भएको देखिन्छ।

दाङ रामपुरका ४५ वर्षीय सई घर्तीको दरबन्दी इलाका प्रहरी कार्यालय रुकुमकोटमा भई महानगरीय प्रहरी वृत्त ठिमीमा कार्यरत रहनुभएको थियो । कठीन परिस्थितिमा पनि राष्ट्रसेवामा तल्लिन हुने उहाँको ड्युटीकै क्रममा भएको दुर्घटनाको कारणले मृत्यु हुन गएकोमा सिएमसी भक्तपुरले दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै श्रद्धाञ्जली र शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेको छ ।

**जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र भक्तपुरबाट मिति २०७७ जेठ १५ गते जारी**

# विज्ञप्ती

कोभिड १९ को महामारी नियन्त्रण र रोकथाम तथा जनताको जीवन रक्षाको लागि नेपाल सरकारबाट जारी गरिएको बन्दाबन्दी आदेशको ६६औं दिन आइपुग्दा यसको परिपालनामा सम्पूर्ण जिल्लावासीहरुका तर्फबाट प्राप्त सहयोग एवं समर्थन प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

यस संकटको सामना गर्न समन्वयात्मक ढंगबाट सबैसँग सहकार्य गरिएको छ । यस क्रममा जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने माननीय सदस्यज्यूहरु, जिल्ला समन्वय प्रमुखज्यू, नगरपालिकाका प्रमुखज्यू, राजनीतिक दलका प्रमुखज्यू, पत्रकार तथा संचारकर्मीज्यूहरुसँग विभिन्न समयमा छलफल तथा बैठक गरिएका छन् । जसमा उहाँहरुले निर्वाह गर्नु भएको भूमिकाका लागि विशेष धन्यवाद व्यक्त गर्दछौं ।

यस वैशाख ३० गते भक्तपुर जिल्लामा पहिलोपटक कोरोना संक्रमण देखिएपछि आम सर्वसाधारणलगायत सबैमा त्रास सृजना हुनु स्वभाविक नै थियो । तुरुन्तै संक्रमित व्यक्तिलाई आइसोलेसनमा राख्ने, एरिया सिल गर्ने र कन्ट्याक्ट ट्रेसिङ गर्ने जस्ता कामहरु गरी संक्रमणलाई फैलनबाट रोकिएको छ भने संक्रमितलाई उपचार गरिएको छ । हालसम्ममा जिल्लामा ४ जना संक्रमित फेला परेकोमा ३ जना उपचार पछि भाइरस मुक्त भई घर फिर्ता भइसक्नु भएको छ भने बाँकी १ जनाको पनि पहिलो नतिजा नेगेटिभ आएको छ । छिट्टै उहाँहरु पनि भाइरस मुक्त भई फिर्ता हुनुहुनेछ भन्ने शुभेच्छाका साथ विश्वास लिइएको छ । संक्रमितहरुको सम्पर्कमा आएका सबै व्यक्तिहरुको स्वाब परीक्षण सम्पन्न भएको छ । यस अवस्थामा जोखिम मोलेर काम गर्ने सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीहरुलाई विशेष आभार व्यक्त गर्दछौं ।

नेपाल बाहिर रहेका नेपालीहरुलाई स्वदेशमा ल्याउने नेपाल सरकारको योजना अनुरुप भक्तपुर जिल्लामा पनि सोको तयारी अगाडि बढाइएको छ । कोरोना संकटमा परिवारबाट टाढा रहेका नेपाली नागरिकलाई आफ्नो परिवारसँगै मिलन गराउनु मानवीय दृष्टिबाट पनि अत्यन्तै सकारात्मक काम हो । यद्यपि संक्रमणको जोखिमलाई मध्यनजर गर्दै त्यसरी आउने व्यक्तिले पर्याप्त स्वास्थ्य सुरक्षा र सर्तकता अपनाउनुपर्ने हुन्छ । यसका लागि तोकिएको क्वारेन्टाइन राख्ने र त्यसपछि होम क्वारेन्टाइनमा राख्ने गरी नेपाल सरकारले तोकेको छ । विदेशबाट आउने व्यक्तिलाई क्वारेन्टाइनमा राख्नेलगायत अन्य मानवीय सहयोग र सामाजिक सुसम्बन्ध कायम गर्न जिल्लावासीबाट पूर्ववत् जस्तै सहयोगको अपेक्षा गरिएको छ ।

वर्तमान कठीन समयमा स्वास्थ्य सुरक्षा सर्तकताको नाममा स्वास्थ्यकर्मी-सुरक्षाकर्मीलाई घरमा प्रवेश नदिने, दुर्व्यवहार गर्ने, कानून विपरीतका कार्यहरु गरी मनोबल गिराउन खोज्ने, टोल टोलमा प्रवेश निषेध गर्ने जस्ता अमानवीय कार्यहरु नगर्नुहुन जिल्ला प्रशासन कार्यालयले गरेको सूचना अनुसार त्यस्ता कामहरु निरुत्साहित भएका छन् । यसका लागि सम्बन्धित सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछौं । यदाकदा कहीँ कतै अझै पनि त्यस्ता गतिविधिहरु भएका भए तुरुन्त नगर्नु हुन, अन्यथा कानूनबमोजिम कारवाही गरिनेसमेत जानकारी गराइन्छ ।

जिल्लामा कोभिड १९ को रोकथाम नियन्त्रण र प्रतिकार्यका गतिविधिहरु समेटी साप्ताहिकरुपमा प्रकाशन गरिँदै आएको बुलेटिन ७ औं अंकमा पुगेको छ । जिल्ला प्रशासन कार्यालयको वेभसाइटमा रहेको बुलेटिनबाट सूचना, जानकारी प्राप्त गर्नुहुन सबैमा अनुरोध छ ।

हाल आतंकित हुनु नपर्ने तथा सतर्क भने रहनुपर्ने अवस्था रहेको छ । संकट व्यवस्थापन केन्द्रलगायत सबै पक्ष, निकायको सामूहिक प्रयासले नै कोरोना विरुद्ध जित हासिल हुनसक्ने विश्वास लिँदै यसका लागि लकडाउनको आदेशलाई पूर्ववतरुपमा पूर्ण पालना गर्नु हुन, आफू र अरुमा कुनै किसिमको संक्रमण हुन नदिन सचेत रहनु हुन, अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कनु हुन र व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनु हुन हार्दिक अनुरोध छ ।

मिति २०७७ जेठ १५ गते

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी
तथा संयोजक, संकट व्यवस्थापन केन्द्र भक्तपुर

## एम्बुलेन्सको दुरुपयोग नगर्ने बारेको सूचना

**काठमाडौँ उपत्यकाको प्रवेशमा केही कडाई गरिएको मौकामा एम्बुलेन्सको दुरुपयोग गरी विना काम यात्रुहरुको आवागमन हुन गरेको सूचनाहरु प्राप्त भएकोले बिरामी र कुरुवाबाहेक अन्य यात्रु आवागमन नगर्नुहुन अनुरोध छ ।**

**चेकप्वाइन्टहरुको एम्बुलेन्सकोसमेत चेकजाँच गरिने र त्यस्तो भए गरेको पाइए कानून वमोजिम कारवाही हुनेसमेत जानकारी गराइन्छ ।**

# विदेशमा अलपत्र नेपालीलाई स्वदेश फिर्ता गरिने

## प्राथमिकताका आधारमा ल्याइने, आउने व्यक्ति अनिवार्य क्वारेन्टिनमा बस्नुपर्ने

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/१२ निर्णय अनुसार विदेशबाट आउने नेपाली नागरिकहरुका लागि नेपाल प्रवेश गर्ने नाका खुला गरेको छ । यस्तो खुला भने "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७"बमोजिमका व्यक्तिलाई सोही आदेशको प्रकृया वमोजिम हुनेछ ।

कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिका कारण स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई महामारी फैलिन नदिने गरी संक्रमणबाट सुरक्षित रूपमा स्वदेश आउने, क्वारेन्टिनमा बस्ने, स्वास्थ्य परीक्षण एवं स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यस आदेश जारी गरेको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०१/२४ गतेको निर्णयानुसार नेपाल प्रवेश गर्ने सबै विन्द र खुला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन स्थगित गर्ने निर्णय भएको थियो । तर, "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७"बमोजिम तोकिएका सीमाका प्रवेश बिन्द र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाली नागरिक र निजका नाबालिग सन्ततिलाई नेपाल आउन अर्को आदेश नभएसम्मका लागि खुला गरिएको हो ।

भारतबाट स्थलमार्ग हुदै स्वदेश आउने नेपालीको लागि नेपाल भारत सीमाका २० वटा प्रवेश बिन्दु तोकिएको छ । भारतबाहेकका मुलुकबाट स्वदेश आउने नेपाली नागरिकलाई आदेशमा १५ वटा प्राथमिकता तोकिएको छ । यसै प्राथमिकताका आधारमा स्वदेश आउने व्यवस्था मिलाइने व्यवस्था गरिएको छ ।

यस आदेश अनुसार सीमा नाकामा आएका नेपाली नागरिकको प्रदेश, जिल्ला र पालिकागत विवरण स्थानीय प्रशासनले तयार गर्ने र सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहलाई उपलब्ध गराउनेछ । भने भारतबाहेकका मुलुकबाट आउनेहरूको प्रदेश, जिल्ला र पालिकागत विवरण विदेशस्थित सम्बन्धित नेपाली नियोगले तयार गरी परराष्ट्र मन्त्रालयमार्फत् कोभिड-१९ संकट व्यवस्थापन केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।

भारतबाट आउनेहरूका लागि प्रवेश विन्द नजिकको विद्यालय वा सामुदायिक भवन वा कभर्ड हल वा पार्टी प्यालेस वा अन्य उपयुक्त खुला स्थान छनोट गरी होल्डिङ सेन्टरको व्यवस्था गरिनेछ भने अन्य मुलुकबाट आउनेहरूका लागि काठमाडौंको चक्रपथ आसपासका उपयुक्त पार्टी प्यालेसहरूमा प्रदेशगत रूपमा कम्तिमा एउटा होल्डिङ सेन्टरको व्यवस्था गरिने छ । भारतबाट आउनेहरूलाई सीमा नाकाको प्रवेश बिन्दुमा व्यवस्था गरिएको सवारी साधनबाट र अन्य मुलुकबाट आउनेलाई प्रदेशगत रूपमा व्यवस्था गरिएका बसबाट नेपाली सेनाको संयोजनमा सोझै होल्डिङ सेन्टरमा लगिने ।

ट्रेसिङ सहजता का लागि मोबाइल नम्बर लिइने, मोबाइल नम्बर नभएकालाई निःशुल्क सिमकार्ड उपलब्ध गराइनेछ । मोबाइल फोन तत्कालै चालू गराई कम्तिमा साढी दिनसम्म अनिवार्य रूपमा प्रयोगमा ल्याउनु पर्नेछ । मोबाइलमा "हाम्रो स्वास्थ्य" एप डाउनलोड गरी नियमित रूपमा स्वास्थ्य विवरण अद्यावधिक गर्नुपर्नेछ ।

होल्डिङ सेन्टरमा आवश्यक प्रक्रिया पूरा भएपछि होटल क्वारेन्टिनमा बस्नेलाई होटलमा र स्थानीय तहको क्वारेन्टिनमा बस्नेलाई सम्बन्धित जिल्लासँग समन्वय गरी जिल्लागत रूपमा छुट्याइएका यातायातका साधनबाट जिल्ला सदरमुकामसम्म पुर्याइनेछ। जिल्ला सदरमुकाममा स्थानीय तहले यसरी आउनेलाई जिम्मा लिई तोकिएको क्वारेन्टिनमा राख्न पर्नेछ।

क्वारेन्टिनको बन्दोबस्ती एवं खानाका लागि नेपाल सरकारले प्रतिदिन प्रतिव्यक्ति एक सय पचहत्तररुपैयाँका दरले चौध दिनमा नबढ्ने गरी सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने र होल्डिङ सेन्टरको भाडा व्यहोर्ने छ ।

भारतबाहेक अन्य मुलुकबाट आउनेले हबाई उडान खर्च र होटल क्वारेन्टिन खर्चलगायतका सम्पूर्ण खर्च आफैले व्यहोर्नु पर्नेछ । तर, सम्बन्धित श्रम गन्तव्य मुलुकले वा रोजगारदाता कम्पनीले वा नेपालस्थित म्यानपावर कम्पनीले हवाई उडान, यातायात, होटल क्वारेन्टिनलगायतका खर्चमध्ये केही वा सबै खर्च व्यहोर्ने भएमा बाँकी खर्च मात्र सम्बन्धित व्यक्तिले व्यहोर्नु पर्नेछ ।

भारतबाट आउनेले प्रवेश बिन्ददेखि होल्डिङ सेन्टर हुँदै स्थानीय तहले व्यवस्थापनगरेको सम्बन्धित क्वारेन्टिनसम्म र अन्य मुलुकबाट आउनेले विमानस्थलबाट होल्डिङ सेन्टर हुँदै क्वारेन्टिन होटल वा स्थानीय तहले व्यवस्थापन गरेको सम्बन्धित क्वारेन्टिनसम्मको यातायात खर्च व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।

क्वारेन्टिनमा चौध दिन व्यतित गरेको व्यक्तिलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेबमोजिम स्वास्थ्य परीक्षण भएपछि थप सातदिन होम क्वारेन्टिनमा बस्नु पर्नेछ।

## विशेष अनुरोध तथा सूचना

**वर्तमान कठीन समयमा विभिन्न व्यक्तिहरुबाट स्वास्थ्य सुरक्षा सर्तकताको नाममा देहायका अवाञ्छित क्रियाकलापहरु भएका भन्ने पाइएकोले यसो नगर्न नगराउनहुन अनुरोध छ। यस्तो कार्य भएको पाइएमा नियन्त्रणमा लिई कानून कारवाही गर्ने ब्यहोरा जानकारी गराइन्छ।**

- स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई घरबाट निकाल्न खोज्ने,
- गैरकानूनी चेकजाँच गर्ने,
- आवागमनमा अवरोध गर्ने,
- दुर्व्यवहार गर्ने,
- कानून विपरीतका कार्यहरु गरी मनोबल गिराउन खोज्ने,
- टोल टोलमा प्रवेश निषेध गर्ने जस्ता अमानवीय कार्यहरु।

**कोरोनाबाट जोगिन र जोगाउनका सौहार्दपूर्ण सम्बन्ध निर्माण गरौं**

## भक्तपुर अस्पतालको नयाँ भवन हस्तान्तरणः

# कोरोना विशेष उपचार केन्द्रको रुपमा विकास गर्न सकिने

भक्तपुर अस्पतालमा निर्माण भएको नयाँ अस्थायी भवन अस्पताललाई हस्तान्तरण भएको छ ।

नेपाल सरकार स्वास्थ्य मन्त्रालयले शहरी विकास तथा भवन निर्माण विभाग मार्फत अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआईडी) को सहयोगमा निर्माण भएको भवन अस्पताललाई हस्तान्तरण भएको हो ।

अस्पतालको पुरोनो भवनलाई रेक्टोफिटिङ्ग गरी भूकम्प प्रतिरोधी बनाउने क्रममा उक्त भवनमा रहेका स्वास्थ्य सामाग्री, शय्या आदि सार्नका लागि अस्थायी संरचनाको रुपमा यो भवन निर्माण थालिएको थियो । यससँगै कोरोना भाइरसको प्रकोप सुरु भएपछि छुट्टै कोभिड उपचार भवनका रुपमा यसलाई तयार गर्न थालिएको थियो ।

यस भवनमा हाल ३ वटा भेन्टिलेटर उपकरण सहित ६ शय्याको आईसियू तयार हालतमा राखिएको छ । संकटको अवस्थामा प्रयोग गर्न



सकिने गरी यस भवनलाई तयार गर्ने अस्पतालको योजना रहेको छ ।

भवनमा कोरोना भाइरसका विरामीहरुलाई छुट्टै उपचार गर्ने स्थलको रुपमा विकास गर्न तत्काले फर्निचर, बेड लगायत आवश्यक सामाग्रीको लागि सम्बन्धित निकायहरुमा अनुरोध गरिसकिएको छ ।

एकजना फिजिसियन सहित मेडिकल अधिकृत, नर्सिङ अधिकृत, स्टाफ नर्सलगायतका



जनशक्ति भएमा तुरुन्तै संचालन गर्न सकिने अवस्थामा भवन पूर्वाधार रहेको छ । भवनलाई कोरोना उपचार केन्द्रका रुपमा प्रयोगमा ल्याउन सकिने भनी निर्माण सम्पन्न गर्न संकट व्यवस्थापन केन्द्र भक्तपुरले विशेष पहल समन्वय र सहयोग गरेको थियो ।

आवश्यक जनशक्ति व्यवस्थापन हुनसाथ उक्त भवनवाट समेत अस्पतालले सेवा संचालनमा ल्याउन सक्ने अवस्थामा रहेको छ ।

---

# भक्तपुर नगरपालिको सिल गरिएको क्षेत्रमा तरकारी वितरण



सिलगरिएकोक्षेत्रमानगरपालिकाबाट तरकारी उपलब्ध गराइएको छ। जेठ ६ गते १ जना पुरुषमा संक्रमण भेटिएसंगै भक्तपुर नपा वडा नं ५ को भेलुखेल क्षेत्र सिल गरिएको थियो। सिल गरिएको क्षेत्रमा जेष्ठ ८ गतेदेखि सिल गर्दा सम्मको अवधिमा आलु-१ धार्नी, प्याज -१ के.जी., फर्सी-५ के.जी र बन्दा-५ के.जी को प्याकेट वनाई ३९ घर परिवारका लागि ५० पोका वितरण गरिएको छ।

अत्यावश्यक तरकारी लिन वाहिर जान नमिल्ने अवस्थामा नगरपालिका र वडाले यस्तो व्यवस्थापन मिलाएको हो । संक्रमणको जोखिमलाई ख्याल गर्दै तरकारीको वितरण गर्दा स्थानीयवासी आफैले लैजाने गरी वाहिर राखिएको थियो।

**सामाजिक दूरी कायम गरौं,**
**कोरोनाबाट सुरक्षित रहौं**

*खाद्यबस्तु, तरकारी आदि खरिद तथा बिक्रीमा संलग्न हुँदा निश्चित दूरी कायम राखी व्यवहार गर्नुहुन सबैमा हार्दिक अनुरोध छ ।*





# शव व्यवस्थापन गर्ने स्वंयमसेवकको कोरोना परीक्षण, रिपोर्ट नेगेटिभ

कोरोना संक्रमणबाट निधन भएकी सिन्धुपाल्चोक बाह्रबिसेकी २९ वर्षकी महिलाको दाहसंस्कार गर्ने स्वंयमसेवकहरुलाई आइसोलेसनमा राखिएकोमा अवधि पुरा भएपछि कोरोना परीक्षण गर्दा नजिता नेगेटिभ आएको छ । यसले उहाँहरुमा संक्रमण नभएको पुष्टि भएको छ ।

यस टोलीले जेठ ३ गते भक्तपुर धुलिखेल अस्पतालबाट शव ल्याई पशुपतिस्थित विद्तिय शवदाहगृहमा अन्त्येष्टि गरेको थियो ।

टोलीमा शव व्यवस्थापनका लागि तालिम प्राप्त स्वंयमसेवकहरु अरुण सैंजू र राजेश गाईजू रहनुभएको थियो । उहाँहरु विरदल गणस्थित आइसोलेशनमा राखिएको थियो ।

रिपोर्ट नेगेटिभ आएसँगै उहाँहरु पूर्ववतरुपमा काममा फर्कनु भएको छ । 'रेसक्यू एण्ड अवेरनेस–१६' संस्थामा आवद्ध उहाँहरुको समूहले भक्तपुर अस्पतालमा बिरामीको ज्वरो नाप्ने, नमुना लैजानेलगायत महत्वपूर्ण काम गर्दै आउनुभएको छ ।

## थप क्वारेन्टिनस्थलको खोजी र भएकालाई व्यवस्थित गरिँदै

भक्तपुरमा क्वारेन्टिनस्थलकोरुपमा प्रयोग गर्न सकिने संरचनाहरुको निरीक्षण गरी लगत संकलनको काम भइरहेको छ । यसका साथै विदेशबाट आउने नेपालीहरुलाई राख्न सम्भावित होटल तथा अन्य क्वारेन्टिनहरुको खोजी र व्यवस्थापनको काममा तिव्रता दिइएको छ ।

यस जिल्लामासमेत होल्डिङ एरियाकोरुपमा पार्टी प्यालेस वा अन्य त्यस्तै उपयुक्त संरचना व्यवस्था गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै सम्भावित स्थलहरुको सूची तयार पारी सरोकारवालाहरुसँग सम्वादसमेत सुरु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयमा होटल तथा रिसोर्टहरुलाईसमेत आवश्यक परेको अवस्थामा क्वारेन्टिनकोरुपमा प्रयोग गर्ने बारे होटल व्यवसायीहरुसँगसमेत छलफल गरिएको छ ।

यसमा व्यवसायीहरुको तर्फबाटसमेत सकारात्मक सहयोग प्राप्त हुने प्रतिवद्धता जनाइएको छ ।

जिल्लाका सबै क्वारेन्टिनस्थलहरु चालू हालतमा राख्ने र सम्भावित क्वारेन्टिनहरुको विवरण अद्यावधिक गरी राख्न सिएमसीले समन्वय गरिरहेको छ ।

## खरिपाटी क्वारेन्टिनस्थल तयार हालतमा

भक्तपुरको खरिपाटीस्थित नेपाल विद्त प्राधिकरणको तालिम केन्द्रमा रहेको नेपालकै पहिलो क्वारेन्टिनस्थललाई जुनसुकै वेला पनि प्रयोग गर्न सकिने गरी तयार हालतमा राखिएको छ ।

संक्रमण वढदै गएको अवस्थामा क्वारेन्टिनस्थल प्रयोग गर्नुपर्ने हुन सक्ने अवस्था आउन सक्ने हुँदा सिएमसीको निर्देशन वमोजिम नेपाली सेनाको वीरदल गणले प्रत्येक हप्ता सघन सरसफाइ गर्ने गरेको छ । यसका साथै क्वारेन्टिनस्थलमा पानी विजुलीलगायत अन्य सबै सेवाहरु सूचारु हालतमा राखिएको छ ।

## मनसुन पूर्वतयारीका लागि अनुरोध



वर्षायामको मौसम सुरु भइसकेको अवस्थामा मनसुनका कारण हुन सक्ने बाढी, पहिरो एवं डुवान जस्ता प्रकोपबाट मानवीय एवं भौतिक क्षति कम गर्न मनसुन पूर्वतयारीमा जुट्नुपर्ने अवस्था आइसकेको छ । विश्वव्यापीरुपमा रहेको कोरोना भाइरसबाट सृजित संकटको यस घडीमा प्राथमिकताका साथ मनसुन पुर्वतयारीमासमेत लाग्न देहाय वमोजिमका कार्यहरु गर्न गराउन सबैमा हार्दिक अनुरोध छ ।

१. भक्तपुर जिल्लास्थित सबै सरकारी निकाय एव संघ संस्थाहरुले आफूसँग रहेका खोज, उद्दार र राहतका उपकरण तथा सामग्रीको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइदिन हुन ।
२. जिल्लास्थित सबै स्थानीय तहहरुले अनिवार्यरुपमा विपद् पूर्वतयारी एवं प्रतिकार्य योजना बनाउने र सोअनुसार कार्यान्वयन गर्नु हुन ।
३. स्थानीयस्तरमा विपद् व्यवस्थापन समिति गठन नभएको भए अविलम्ब गठन गर्नु हुन।
४. स्थानीय विपद् व्यवस्थापन कोष नबनाएको भए कोष स्थापना गर्नुहुन र कोषको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइदिन हुन ।
५. जिल्लास्थित सुरक्षा निकाय, स्थानीय रेडक्रसलगायत संघ, संस्थासँग रहेका खोज उद्दार तथा राहतसम्बन्धी सामग्रीहरुको विवरण अविलम्ब उपलब्ध गराइदिन हुन ।

# भक्तपुरमा कोरोना संक्रमणको परीक्षण

कोरोनाको लक्षणसँग मिल्दोजुल्दो लक्षण भएका बिरामीहरुको मात्र परीक्षण गरिँदै आएकोमा गएको हप्ता देखि सम्भावित संक्रमितकोसमेत परीक्षण भै रहेको छ ।

जिल्लामा कोराना संक्रमण देखिएसँगै बिरामीको सम्पर्कमा आएका र सम्भावित जोखिममा रहेका व्यक्तिहरुको परीक्षणलाई तिव्रता दिइएको हो । अग्र पङ्तिमा खटिने स्वास्थ्यकर्मी सुरक्षाकर्मी जनप्रतिनिधि कर्मचारी एवं पत्रकारहरुकोसमेत परीक्षण भइरहेको छ ।

पिसिआर विधिबाट परीक्षणका लागि स्वाब संकलन/*परीक्षण

| अस्पताल | महिला | पुरुष | जम्मा | पोजेटिभ |
|---|---|---|---|---|
| भक्तपुर अस्पताल | 242 | 444 | 686 | |
| *नेपाल कोरिया मैत्री अस्पताल | 90 | 99 | 189 | |
| भक्तपुर न पा अस्पताल | 43 | 137 | 180 | 1 |
| जम्मा | 375 | 680 | 1055 | 1 |

आरडिटी विधिबाट गरिएको परीक्षण संख्या

| अस्पताल/नपा | महिला | पुरुष | जम्मा | पोजेटिभ केस |
|---|---|---|---|---|
| भक्तपुर अस्पताल | 294 | 495 | 789 | - |
| भक्तपुर न पा | 74 | 98 | 172 | 3 |
| मध्यपुर थिमी न पा | 62 | 87 | 149 | - |
| सूर्यविनायक न पा | 65 | 152 | 217 | 1 |
| चाँगुनारायण न पा | 82 | 172 | 254 | 1 |
| जम्मा | 577 | 1004 | 1581 | 5 |

जिल्लामा नेपाल कोरिया मैत्री अस्पतालले आफ्नै पिसिआर मेसिनबाट परीक्षण गर्दै आएको छ भने अन्य अस्पतालहरुले पिसिआर परीक्षणका लागि स्वाब संकलन गरी टेकुस्थित प्रयोगशालामा पठाउने गरिएको छ । स्वास्थ्य कार्यालय, भक्तपुर अस्पताल र नगरपालिका अस्पतालहरुले आरडिटी परीक्षण गर्दै आएका छन् ।

मध्यपुर थिमि नगरपालिकाद्वारा संचालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको सहयोगमा रेडक्रस स्वंयमसेवक, रक्तसंचार कर्मचारी, पत्रकार, जनप्रतिनिधिहरुको स्वाब टेस्ट गरेको छ ।

स्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार २०७७ जेठ १८ गतेसम्ममा भक्तपुर जिल्लामा RDT विधिबाट १५८१ जना र PCR विधिबाट १०५५ जना गरी कुल २६१३ जनाको परीक्षण भएको छ । जस अनुसार ५ जनाको आरडिटी नतिजा पोजेटिभ देखिएकोमा पिसिआर परीक्षण गर्दा नेगेटिभ भेटिएको छ । त्यस्तै १ जनाको पिसिआर परीक्षण पोजेटिभ देखिएको र उपचार पछी घर फर्किसक्नु भएको छ भने राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा भएको परीक्षणमा यस जिल्लाका अन्य ३ जनामा समेत पोजेटिभ भेटिएको थियो । हाल वहाँहरु समेत संक्रमण मुक्त भइ फर्कीसक्नु भएको छ ।

## संकटको समयमा सम्पर्क गर्न सकिने नम्वरहरु

### समन्वय र सुरक्षा

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ. हुमकला पाण्डे | ६६१४४३७ | ९८५१२१७७७७ |
| जिल्ला प्रशासन कार्यालय | स.प्र.जि.अ.दुर्गादत्त ढकाल | ६६१५५९५ | 9851143385 |
| विरदल गण सूर्यविनायक व्यारेक | गणपति शिबप्रसाद पौडेल | ५०९२२७५ | 9851159188 |
| महानगरिय प्रहरी परिसर भक्तपुर | प्र.उ. सबिन प्रधान | ६६१७१३१ | ९८५१२१५५५५ |
| सशस्त्र प्रहरी बल गणनं.२२ | स.प्र.उ. विश्व कुमार भट्टराई | 5144510 | ९८५१२७२०३४ |
| रा. अनुसन्धान जिल्ला कार्यालय | उ.अ.नि. सुरेन्द्र कोइराला | ६६१८७७७ | 9851174546 |

### अस्पताल

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| भक्तपुर अस्पताल | मे.सु. डा.सुमित्रा गौतम | ६६१४४३० | ९८५८०२३०४७ |
| स्वास्थ्य कार्यालय भक्तपुर | का.प्र. कृष्णबहादुर मिजार | ६६१६०१० | 9841884419 |
| शहीद धर्मभक्त रा.प्रत्यारोपण केन्द्र | का.प्र. डा.पुकार चन्द्र श्रेष्ठ | ६६१४७०९ | ९८५१११५१३६ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | आ.चिकित्सक नदन कँडेल | ६६१२०८८ | 9851185728 |

### स्थानीय तह

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जिल्ला समन्वय समितिको कार्यालय | जि.स.अ.जगन्नाथ लामिछाने | ६६१४८२६ | 9851276222 |
| भक्तपुर नगरपालिकाको कार्यालय | प्र.प्र.अ. इन्द्रप्रसाद बस्याल | ६६१००७६ | 9841407373 |
| मध्पुरथिमी नगरपालिका कार्यालय | प्र.प्र.अ.विश्वराज मरासिनी | ६६३१४०५ | 9851190542 |
| चाँगुनारायण नगरपालिका कार्यालय | प्र.प्र.अ.चिरन्जिवी तिम्सिना | 6616611 | ९८५११७७९५५ |
| सूर्यविनायक नगरपालिका कार्यालय | प्र.प्र.अ.कमल ज्ञवाली | ६६१२४४३ | 9851277111 |

### दमकल

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जुद्ध वारुण यन्त्र कार्यालय | का.प्र. राजनप्रसाद दाहाल | ६६१२३८२ | ९८५११५०९१३ |

### औषधि

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| नेपाल औषधी व्यवसायी संघ | महासचिव विनोद प्र. सापकोटा | 6632107 | 9841288675 |

### बिद्युत तथा टेलिफोन

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| का.उ.खानेपानी लिमिटेड दुधपाटी | शा.प्रमुख सुरेन्द्र हिमालय | ६६१०२३५ | ९८४९१८८२९१ |
| नेपाल टेलिकम भक्तपुर | का.प्र. दिनेशहर्ष बज्राचार्य | ६६१०००० | 9851105570 |
| नेपाल टेलिकम ठिमी | का.प्र. सुरेन्द्र शाह | ६६३३६०० | 9851022176 |
| नेपाल विद्युत प्राधिकरण भक्तपुर | का.प्र. राजकुमार रमण | ६६११०९८ | 9851273714 |
| नेपाल विद्युत प्राधिकरण ठिमी | शाखा प्रबन्धक सुबोध शर्मा | ६६३५३२८ | 9851273715 |

### खाद्यबस्तु आपूर्ती

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| भक्तपुर उद्योग बाणिज्य संघ | का. अ. राजुमान बज्राचार्य | 6614851 | 9841285577 |
| घरेलु तथा साना उद्योग कार्यालय | उ.अ.सुबोध कुमार साह | ५०९२६९६ | ९८५११८५८९२ |

## एम्बुलेन्सहरुको सम्पर्क नम्वर

| चालकको नाम थर | फोन नं. | एम्बुलेन्सको धनी (निकाय) |
|---|---|---|
| **कोरोना विशेष** | | |
| राजन बासुकला/पुण्य खत्री | 9851082799 | भक्तपुर नगरपालिका |
| बुद्ध कृष्ण बाग | 9841257048 | मध्यपुर ठिमी नगरपालिका |
| केशवराज थापा | 9841395199 | सूर्यविनायक नगरपालिका |
| शिवहरी अधिकारी | 9851241809 | चाँगुनारायण नगरपालिका |
| अरुन सैजु | ९८५१०७११३९ | भक्तपुर अस्पताल |
| **भक्तपुर नगरपालिका** | | |
| मिलन पुरी | 9849857332 | नेपाल रेडक्रस सोसाईटी भक्तपुर |
| केशवराज थापामगर | 9841257892 | जिल्ला समन्वय समिति |
| भिमसेन गेलाल | 9860171552 | भक्तपुर क्यान्सर अस्पताल |
| लक्ष्मण श्रेष्ठ | 9860025333 | डा. ईवामुरा अस्पताल |
| रमेश कुस्मा/रकि दुवाल | 9851018177 | मानव अंग प्रत्यारोपण केन्द्र |
| कृष्ण राम कोजु | 9840256350 | भक्तपुर अस्पताल |
| **मध्यपुर थिमी नगरपालिका** | | |
| कृष्ण चन्द्र श्रेष्ठ | 9841257048 | नेपाल कोरिया मैत्री अस्पताल |
| नविन परियार सानुकाजी श्रेष्ठ | 9851133613 | मध्यपुर अस्पताल |
| दिपक घजु | 9851133797 | नागरिक सामुदायिक अस्पताल |
| **सूर्यविनायक नगरपालिका** | | |
| लक्ष्मी भक्त ह्याङ्गजु | 9843559090 | नेपाल रेडक्रस सोसाइटी ननिलन्चोक |
| भिमबहादुर खत्री | 9843633744 | सुडाल ब्रह्मायणी विकास केन्द्र |
| राकेश राजथला | 9741323296 | अखण्ड सेवा समिति |
| श्रीकृष्ण खड्का | 9841477794 | ग्रामिण विकास पुर्वाधार केन्द्र |
| **चाँगुनारायण नगरपालिका** | | |
| विवेक लामिछाने | 9841233600 | नेपाल रेडक्रस सोसाईटी नगरकोट |
| दिपक थापा | 9741233815 | नेपाल रेडक्रस ताथली शाखा |
| उत्सव केसी | 9849424813 | चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र |
| प्रकाश गजुरेल | 9841466550 | काठमाडौं क्यान्सर सेन्टर |
| लक्ष्मण भुट्ट | 9860335944 | हरिणाम संक्रिटन सेवा समिति |

## जिल्लास्थित सरकारी स्वास्थ्यसंस्थाका सम्पर्क व्यक्तिहरु

| पद नाम थर | कार्यालय | फोन नं |
|---|---|---|
| मे. अ. डा. निसा राई | सूर्यविनायक नगर अस्पताल | ९८४९२३१५१७ |
| ज.स्वा.नि.स्वस्ती आचार्य | कटुन्जे हे.पो. | ९८४११११७७ |
| ज.स्वा.नि.पुण्य प्र. काफ्ले | वालकोट हे.पो | ९८४१७१५५१३ |
| ज.स्वा.नि.मुकुन्द प्र. चौलागाई | गुण्डु हे.पो. | ९८४४४१२१४३ |
| ज.स्वा.नि.मदन राजथला | सिरुटार हे.पो. | ९८४१३००४५९ |
| सि.अ.हे.ब.रामप्रसाद लम्साल | लोकन्थलि हे.पो. | ९८४१४३०१४३ |
| ज.स्वा.नि.सरोज कूमार राय | ठिमी हे.पो. | ९८४४०५७७२९ |
| ज.स्वा.नि.श्याम कुमार थापा | बालकुमारी हे.पो. | ९८४१४४५५५८ |
| सि.अ.हे.ब.राजन खड्का | सुडाल हे.पो. | ९८६३१९९२४५ |
| हे.अ.बलराम तिमल्सेना | बागेश्वरी हे.पो. | ९८४१३२२६४५ |
| ज.स्वा.नि.लोकेन्द्र बहादुर पौडेल | चागुं प्रा.स्वा.के. | ९८५१०६८९५० |
| सि.अ.हे.ब.बिष्णु थापा | झौखेल हे.पो. | ९८५१०३९४९३ |
| ज.स्वा.नि.हरिनारायणप्रसाद शाह | ताथली हे.पो. | ९८४१३७४४३७ |
| सि.अ.हे.ब.ज्ञानेन्द्रप्रसाद जोशी | दुवाकोट हे.पो. | ९८४९२०८१९० |
| सि.अ.हे.ब.मनोज कुमार मण्डल | नगरकोट हे.पो. | ९८४१६७०३३७ |
| ज.स्वा.नि.दिल कुमार दुवाल | छालिङ्ग हे.पो. | ९८४१३९४०६४ |
| हे.अ.रोजिना थापा | नङ्गखेल हे.पो. | ९८४९२४५२२० |
| सि.अ.हे.ब.उमेश धौभडेल | सिपाडोल हे.पो. | ९८४१३९४६५८ |
| हे.अ.राजेन्द्र फैजु | चित्तपोल हे.पो. | ९८४१२९९५१६ |
| सि.अ.हे.ब.तेज कुमार पुन | नगदेश हे.पो. | ९८६६९०८०२८ |
| ज.स्वा.नि.धन ब. बिष्ट | बोडे हे.पो. | ९८६८७७७०३० |
| हे.अ.मीरा कुमारी सिंह | श.स्वा. के. झौखेल | ९८६०९४३००८ |
| हे.अ.कुमार के.सि. | श.स्वा. के. झाप्रा | ९८५११२९५९० |
| हे.अ.सुदिप आचार्य | श.स्वा. के. ताथगाल | ९८४३२४१५७१ |
| हे.अ.उत्सब सापकोटा | श.स्वा.के.घ्याम्पेडांडा | ९८६०१०८०६१ |
| हे.अ.कमल अछामी | श.स्वा.के. कांक्राबारी | ९८६११३८७८२ |
| अ.न.मि.जमुना काफ्रले | श.स्वा.के. च्यामासिङ | ९८४१६३७६४७ |
| स्टाफ नर्स रचना सुवाल | श.स्वा.के. च्यामासिङ | ९८४११३११४४ |
| स्टाफ नर्स शुसिला प्रजापती | श.स्वा. के. निकोसेरा | ९८४१५३१४३३ |
| हे.अ.अम्बिका प्रजापती | श.स्वा. के. बोडे | ९८४९२०९७११ |
| हे.अ.कमल केशरी राजचल | श.स्वा. के. ब्यासी | ९८४१६९२९५२ |

# जिल्ला प्रशासनबाट अत्यावश्यक अवस्थामा मात्र सवारी पास दिइने

## नियामक निकायबाटै पास जारी हुने

कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण र प्रतिकार्यलाई थप प्रभावकारी बनाउने सम्बन्धमा गृह मन्त्रालयबाट विभिन्न मितिमा प्राप्त निर्देशन तथा CMC, Bhaktapur को मिति २०७७।०२।०२ गतेको बैठकको निर्णयबमोजिम मिति २०७७/०२/०४ मा सूचना प्रकाशन गरी भक्तपुर जिल्लामा सवारी पास व्यवस्थापन गरिएको छ ।

**सवारी पास विना परिवहन हुने**

१. सबै प्रकारका खाद्य वस्तु ढुवानी गर्ने सवारिका साधन, स्वास्थ्यसँग सम्बन्धित सबै प्रकारका सामग्री ढुवानी गर्ने सवारीका साधन, औधोगिक कच्चा पदार्थ र तयारी मालवस्तु ढुवानीका साधनहरू, कृषि तथा पशुजन्य उत्पादनसँग सम्बन्धित सबै प्रकारका ढुवानीका साधनहरू, एम्बुलेन्स, शव वाहन, र ग्याँसलगायत पेट्रोलियम पदार्थ ढुवानीका साधनहरूको हकमा सवारी पास विना परिवहन हुने । तर सवारी साधन प्रयोगकर्तासँग अनिवार्यरुपमा सम्बन्धित निकायबाट जारी गरिएको आफ्नो कर्मचारी परिचयपत्र साथमा हुनुपर्नेछ । उद्देश्य विपरीत सवारी साधन संचालन भएको पाइएमा सवारी अनुमति पत्र रद्द गरी प्रचलित कानून वमोजिम कारवाही गरिनेछ ।

**सुरक्षाकर्मीहरूले आवश्यक सहयोग पुर्याउने**

२. अकस्मात आईपर्ने बिरामी, डायलासिस गर्नु पर्ने मृगौलाका बिरामी/किमोथेरापी दिनु पर्ने क्यान्सरको बिरामी, दीर्घ रोगीलगायतका अन्य बिरामीलाई अस्पतालसम्म आवत जावत गर्नका लागि र औषधी खरिद सम्बन्धमा नजिकको प्रहरी ईकाइ/१०० नं मा फोन गरी समन्वय गर्नु हुन । कागजपत्र र अवस्था हेरेर सुरक्षाकर्मीहरूले आवश्यक सहयोग पुर्याउने छन् ।

**पास जारी गर्ने**

३. सवारी पास आवश्यक पर्ने व्यक्ति तथा संस्थाहरूले आ-आफ्नो नियामक निकायहरूमा सम्पर्क गर्नु हुन (जस्तैः सञ्चारकर्मीहरू तथा मिडिया हाउसहरूले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय) नियामक निकाय नतोकिएकाको हकमा अत्यावश्यक कार्यको लागि(उपत्यका भित्र/बाहिरका जिल्लाको लागि) गृह मन्त्रालयको स्वीकृति लिए पछि मात्र यस कार्यालयबाट सवारी पास जारी गरिनेछ । नियामक निकाय तोकिएको हकमा निम्न वमोजिम हुनेछ ।


४. यस कार्यालयबाट यस अघि विभिन्न मितिमा जारी गरिएका सम्पूर्ण सवारी पासहरू (E-pass र पहेलो रङकोसमेत) खारेज गरिएको छ । अब उप्रान्त E-pass आवेदन लिईने छैन । आजदेखि यस कार्यालयबाट जारी हुने सवारी पास निलो रङको हुनेछ ।


५. निर्माण सामग्री बोकेका गह्रौं (Heavy) सवारी साधनहरू बेलुकी ८.०० बजेदेखि बिहान ६.०० बजे भित्र मात्र सञ्चालन गर्ने ।

**पास जारी तथा सहजीकरण गर्ने निकाय**

| सेवा क्षेत्र र निकायहरू | पास जारी गर्ने /सहजीकरण गर्ने | मापदण्ड |
|---|---|---|
| नेपाल सरकारका मन्त्रालयहरू ,संघीय संसद ,सर्वोच्च अदालत तथा संवैधानिक निकायहरु | सम्बन्धित निकायको सचिव | • कर्मचारी परिचयपत्र साथमा हुनुपर्ने । • न्यूनतम कर्मचारीहरूलाई आलोपालो मिलाई वढीमा एक तिहाइ कर्मचारी एक चौथाइ सवारी साधनहरु प्रयोग गर्ने व्यवस्था सम्बन्धित निकायले मिलाउने । |
| अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालय | सम्बन्धित मन्त्रालयको सचिव | |
| बैंक, वित्तियसंस्थाका कर्मचारी | नेपाल राष्ट्र बैंक | |
| सहकारी संस्थाका कर्मचारी | सहकारी विभाग | |
| व्यापार तथा बाणिज्यसँग सम्बन्धित कार्य | बाणिज्य ,आपूर्ति तथा उं विभाग | • सम्बन्धित उद्योग वा संस्थाको आधिकारीक पत्र र परिचयपत्र |
| औधोगिक उत्पादनसम्बन्धी कार्यमा संलग्न निकायहरू | उद्योग विभाग | |
| जलविद्युत तथा राष्ट्रिय गौरवका आयोजनाहरु | सम्बन्धित मन्त्रालयका सचिव | • पुस्तक पसलको हकमा पसलसम्बन्धी कागजात र परिचयपत्र |
| निर्माण सामग्रीको व्यापार व्यवसायका लागि | बाणिज्य,आपूर्ती तथा उ विभाग | |
| हवाइ सेवा प्रदायक कम्पनीहरु | संस्कृति पर्यटन तथा ना.उ. मन्त्रालय | • स्थानीय तहले आयोजना अनुगमन गर्न जारी गर्ने पास सम्बन्धित स्थानीय तह भित्र मात्र लागु हुने । |
| पाठ्यपुस्तक पसल र ढुवानी | जनक शिक्षा सामग्री केन्द्र | |
| स्थानीयस्तरमा विकास आयोजना अनुगमन गर्ने | सम्बन्धित स्थानीय तह | |

**भक्तपुर हुँदै उपत्यका प्रवेश र बाहिर गएका सवारी साधन**




प्रकाशक

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय भक्तपुर**

**संकट व्यवस्थापन केन्द्र भक्तपुर**
**Crisis Management Center (CMC) Bhaktapur**

facebook/daobhaktapur
twitter/daobhaktapur
daobhaktapur@gmail.com
www.daobhaktapur.moha.gov.np भित्र कोभिड १९ CMC
६६१४४३७
CMC का पदाधिकारीहरुलाई मोवाइलबाटसमेत सम्पर्क गर्न सकिन्छ ।



Crisis Management Center (CMC) भक्तपुर सचिवालयद्वारा तयार गरिएको, Focal Person रविन्द्र गौतम Viber 9840177327